# लागु औषध दुव्यर्शन नियन्त्रण रणनितिक योजना




लुम्बिनी सांस्कृतिक नगरपालिका

लुम्बिनी, रुपन्देही

लुम्बिनि प्रदेश, नेपाल

# विषय सूची


परिच्छेद १: परिचय

१ पृष्ठभुमि २
१.१ नगरपालिकाको परिचय ३
१.२ नगरपालिकाको भौगोलिक अवस्था ३
१.३ नगरपालिकाको प्रशासनिक विभाजन ५

परिच्छेद २: अवस्था विश्लेषण

२ वार्डगत विवरण ८
२.१ भारतसंग सिमा जोडिएको क्षेत्रहरु ९

**परिच्छेद ३ : चुनौति, सोच, लक्ष्य, उद्येश्य**

३.१ चुनौति १३
३.२ सोच १३
३.३ लक्ष्य १३
३.४ उद्येश्यहरु १३
३.५ योजनाको आवश्यकता तथा महत्व १४

**परिच्छेद : ४ योजना निर्माण प्रक्रिया एवं विधि**

४.१ योजना निर्माण प्रक्रिया विधि १६
४.२ योजना निर्माणमा नगरपालिकाको छनौट १६
४.३ वस्तुस्थिती विवरण संकलन १६
४.४ योजना खाका लेखन कार्य १६
४.५ नगरपालिका स्तरीय योजना बैठक १७
४.६ योजनाको प्रस्तुति एवं सुझाव संकलन तर्जुमा प्रक्रिया १७
४.७ लागु औषध दुर्व्यशन नियन्त्रण योजनाको कार्यान्वयन १७

**परिच्छेद : ५ संस्थागत व्यवस्था**

५.१ लागु औषध दुर्व्यशन नियन्त्रण योजनाको संस्थागत व्यवस्था १९
५.२ संस्थागत व्यवस्था स्थानिय सरकार १९
५.३ संस्थागत व्यवस्था नेपाल सरकार २०
५.३ योजनाको अनुगमन, मुल्यांकन तथा पुनरावलोकन २०

**परिच्छेद : ६ सिद्धान्त**

६.१ लागु औषध दुर्व्यशन सिद्धान्त २३

**परिच्छेद : ७ लागु औषध दुर्व्यशन नियन्त्रण योजना**

७.१ लागु औषधको खेती, पाती उत्पादन ओसार–पोसार र बेचविखनमा नियन्त्रण २९
७.२ जोखिम समुहमा लागु औषधको ओसार–पोसार, प्रयोगमा नियन्त्रण ३०
७.३ विद्यालयमा लागु औषध सम्बन्धमा सचेतना र जागरणमुलक कार्यक्रम ३१
७.४ समुदाय आधारित लागु औषध कार्यक्रम ३२
७.५ लागु औषधको जोखिममा परेका महिला समुहका लागि लक्षित कार्यक्रम ३२
७.६ सडक बालबालिका लक्षित कार्यक्रम ३३
७.७ उपचार तथा पुर्नस्थापना केन्द्रमा पहुँच बढाउँने ३३
७.८ लागु औषध प्रयोगकर्ता र परिवारमा स्वास्थ्य कार्यक्रम ३४
७.९ कार्यक्रमको सुदृढिकरण एवं क्षमता अभिबृद्धि गर्ने ३५
७.१० समन्वय एवं सहकार्य ३५
७.११ अनुमानित बजेट ३६

**परिच्छेद : ८ अनुसुचि, सन्दर्भ सामाग्र, फोटो**

८.१ लागु औषध दुर्व्यशन नियन्त्रण सम्बन्धी आवश्यक दस्तावेजहरु ३८
८.२ सन्दर्भ सामाग्रीहरु ३९

# लुम्बिनी सांस्कृतिक नगरपालिका २०८१

# परिच्छेद - १

# लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१

# परिच्छेद १: परिचय

## १. पृष्ठभूमी

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक नगरपालिका भारतको सिमानासंग जोडिएको छ । नेपालको भारतसंग खुल्ला सिमाना भएका कारण लुम्बिनी सांस्कृतिक नगरपालिकामा लागु औषधको ओसार–पसार नियन्त्रण मुख्य चुनौतिको रुपमा रहेको छ । लागु औषध दुर्व्यशन रहित स्वस्थर समुन्नत समाजको प्राप्तीको लागि लागु औषध नियन्त्रण राष्ट्रिय रणनिति २०६३ लागु भै सकेको छ । लागु औषध सम्बन्धी प्रकाशित समाचार र तथ्यांकहरुलाई हेर्दा लागु औषधको असर आम समुदायसम्म पुगेको र विशेष गरी युवा युवतीहरु लागु औषधको ओसार–पसार एवं कुलतमा परेको पाइएको छ । विश्वव्यापी साझा समस्याको रुपमा रही आएको लागुऔषधको प्रयोग नेपालमा पनि समस्याको रुपमा देखा परेको छ । नेपालमा मदिरा, सुर्तिजन्य पदार्थ एवं गाँजा चरेसको प्रयोग पनि दिनानुदिन बढ्दै गएको छ । हेरोइन तथा अफिम जस्ता लागुपदार्थको प्रयोगले यो समस्यालाई अझ बढाएको छ । हालका दिनहरुमा सुईको माध्यमबाट लागुपदार्थको प्रयोग क्रम पनि बढ्दै गएको छ । यसमा लागुऔषध युक्त सुई औषधि (Injecting Drugs) तथा सिन्थेसाइज्ड केमिकलहरु (Synthesized Chemicals) समेत लागु औषधको रूपमा प्रयोग हुनुले समस्या अझै बढ्ने क्रम जारी छ ।

लागुऔषधको प्रयोग विशेष गरी किशोर किशोरीहरुमा बढी देखिएको छ । प्राप्त तथ्याङ्क अनुसार लागु औषध प्रयोगकर्ता मध्ये करिव तीन चौथाई संख्या विस वर्ष भन्दा कम उमेर समूहको छ । यसैगरी करिव एकसट्ठी प्रतिशतले सुइको माध्यमबाट लागुऔषधको प्रयोग गर्ने गरेको देखिन्छ भने यी मध्ये उनन्तीस प्रतिशतले एक आपसमा सुई साटा साटको माध्यमबाट यस्ता औषधि प्रयोग गरेको देखिन्छ । यसरी असुरक्षित सुईको प्रयोगबाट एच्.आई.भी., हेपाटाईटिस वी/सी तथा अन्य रगतजन्य रोगहरुसर्न सक्ने खतरा अध्ययनले देखाएको छ । यसका अतिरिक्त लागुऔषधको प्रयोगकर्ताबाट हुने असुरक्षीत यौन सम्पर्कलेपनि माथि उल्लेखित रोगहरु बढाउन थप मद्दत पुग्ने अनुसन्धानले देखाएको छ ।
लागुपदार्थको अवैध ओसार-पसार एवं कारोवारलाई हातहतियार तस्करी पछिको दोस्रो ठूलो अपराधको रुपमा लिइन्छ । यसको अवैध ओसार-पसार एवं नियन्त्रण गर्न कानून कार्यान्वयन निकायहरु क्रियाशील रहे पनि अन्तर्राष्ट्रिय रुपमा संगठित र सक्रिय गिरोहको संजालले गर्दा यसको ओसार-पसार र नियन्त्रण गर्ने कार्य चुनौतीको रुपमा देखिएको छ । नेपाल लागुपदार्थ उत्पादन र ओसार पसार गर्ने गोल्डेन ट्रयाङ्गल र गोल्डेन क्रिसेन्टको नजिक पर्ने हुँदा यहाँको धेरै जसो स्थानहरु भारतको सिमा क्षेत्रसंग जोडिएको हुदा लागुपदार्थ ओसार पसार गर्ने सहज बाटोको रुपमा प्रयोग गर्ने गरेको पाइन्छ ।

## १.१ लुम्बिनी सांस्कृतिक नगरपालिकाको परिचय :

लुम्बिनी साँस्कृतिक नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लामा पर्दछ। भौगोलिक हिसाबले ८३ डिग्री १३ मिनेट देखि ८३ डिग्री २० मिनेट पूर्वी देशान्तर र २७ डिग्री २३ मिनेट ४० सेकेण्ड देखि २७ डिग्री ३२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित लुम्बिनी साँस्कृतिक लुम्बिनी प्रदेशको एउटा प्रमुख पर्यटकिय क्षेत्र हो। सिद्धार्थ गौतम बुद्धको जन्म स्थल लम्बिनी क्षेत्र यस नगरपालिका परिसरमा पर्ने भएकोले यस नगरपालिकाको नामकरण लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको हो। करीब ११२.२१ वर्ग.कि.मी. क्षेत्रपफ्ल रहेको यस नगरपालिकाको उत्तरमा गैडहवा नगरपालिका, पश्चिमतिर कपिलवस्तु जिल्ला, दक्षिणमा सम्मरीमाई नगरपालिका र भारत र पूर्वमा कोटहीमाई र मायादेवी नगरपालिका रहेका छन्। लुम्बिनी साँस्कृतिक नगरपालिकालाई २०७१ बैसाख १५ गते नगरपालिका घोषणा गरिएको थियो। नगरपालिका घोषणा गर्दा साविकका भगवानपुर, लुम्बिनी आदर्श, तेनुहवा, एकला, खुदाबगर, मधुवनी र मसिना गा.वि.स. समावेश गरी जम्मा १८ वडाहरु रहेका थिए भने मिति २०७२ पुष २१ गते साविकको आमा गा.वि.स. समावेश गरि जम्मा २१ वडा कायम गरेको थियो। मिति २०७३ पफल्गुन २२ गते नेपाल सरकारको निर्णय अनुसार साविकका वडाहरु २१ वडाहरुलाई घटाएर १३ वडाहरु कायम गरिएको छ। यस नगरपालिकामा ११ वटा माध्यामिक तह, ५० वटा आधारभूत तह र अन्य १४४ गरी जम्मा १८५ वटा शिक्षण संस्थाहरु संचालित छन्। रुपन्देही जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धेरै विकासको सम्भावना बोकेको नगरपालिकाको रुपमा लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको छ। यसका अतिरीत्तफ् सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन्। यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्नेव्यत्तिफ्हरुको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कुल जनसंख्या ८७,३८३ रहेका छन् जस मध्ये सबैभन्दा बढी मुसलमान जाति २९,४६१ जना (३३.७ %), दोस्रोमा यादव ११,६४८ (१३.३%) र तेस्रोमा लोध ७०९५ (८.१%) हरुको बसोबास रहेको छ। यस नगरपालिकामा १३ वडाहरु रहेका छन्। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ भनेस्थानीय बासिन्दाको आम्दानीको मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशत्तिफ् रोजगारी तथा अध्ययनका लागि विदेशिने त्रफ्म अत्याधिक बढिरहेको छ। यस नगरमा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था केहि मात्रामा रहेका छन्। अध्ययनका लागि यस नगरका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी नगरपालिकाबाट समेत आउने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक

भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। लोमो समय सम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाब, योजनाबद्ध विकास कार्यत्रम्म कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघि, होलि, गौरा, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, छठपर्व, बुद्धजयन्ती, त्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ।

### १.२ लुम्बिनी सांस्कृतिक नगरपालिकाको भौगोलिक अवस्थिति (Geographical Location of Palhinandan)

सािवकको लुम्बिनी सांस्कृतिक नगरपालिका कार्यालय

| | | |
|---|---|---|
| क्षेत्रफल | : | ११२.२१ वर्ग कि.मि. |
| कुल जनसंख्या | : | ८७२८३ (स्रोत:२०७८ जनगणना) |
| भाषा | : | भोजपुरी, अवधि र उर्दु |
| पूर्वमा | : | कोटहीमाई र मायादेवी गाँउपालिका |
| पश्चिममा | : | कपिलवस्तु जिल्ला |
| उत्तरमा | : | गैडहवा नगरपालिका |
| दक्षिणमा | : | सम्मरीमाई नगरपालिका र भारत |
| वडा संख्या | : | १३ |

### १.३ लुम्बिनी सांस्कृतिक नगरपालिकाको प्रशासनिक विभाजन

(Administrative Division)

**प्रदेशको नाम: लुम्बिनी प्रदेश**

वडा संख्या : १३


Gaidahawa Gaunpalika
रुपन्देही जिल्ला
लुम्बिनी सांस्कृतिक नगरपालिका
Kapilbastu
Mayadevi Gaunpalika
Kotahimai Gaunpalika
Sammarimai Gaunpalika
INDIA
N
11
7
8
9
6
5
0
10
3
4
1
2
13
12
संकेत

### १.३ लुम्बिनी सांस्कृतिक नगरपालिकाको सामाजिक श्रोत नक्शा



# लुम्बिनी सांस्कृतिक नगरपालिका २०८१

# परिच्छेद - २ (अवस्था विश्लेषण)

## लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१

# परिच्छेद २ : अवस्था विश्लेषण

**२. लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना अन्तर्गत वस्तुस्थिती विवरण संकलनबाट अवस्था विश्लेषण**

**२.१ लुम्बिनी सांस्कृतिक नगरपालिकामा जम्मा वार्ड संख्या १३ जसमा रहेको गाउँहरुको विवरण**

| वार्ड नं. | ठोल, बस्ती गाउँहरुको नाम | कैफियत |
|---|---|---|
| १ | खुनगाइ, नन्दनगर, भगवानपुर, शिवलवा, किर्तिपुर | |
| २ | मुजहाना, भुजहिया, लम्तीहवा, भर्थापुर, भगतपुरवा, कचरीहवा, केवटलिया सानो केवटलिया ठुलो, अदौली ठुलो, अदौला सानो, अदौली | |
| ३ | ठुलो पडरिया, सानो पडरिया, लंकापुर | |
| ४ | मनौरी, मनौरा, खम्भे, अमारी, शिवलवा, ठुलो महुवारी, सानो महुवारी | |
| ५ | तेनुहवा पुर्वे गाउँ, तेनुहवा पश्चिम गाउँ, लाखेडिया चोक, हर्नापुर, पिपरहवा, भोगलाह चोक, पुर्व र दक्षिण मोहम्मदनगर, मोहसड, बेलाहाडिह, ढोडहवा, मनोहरपुर | |
| ६ | तेनुहवा बिचको गाउँ महजिदिया ढाला, तर्कुल्लाहा, पर्सा, रमवापुर, मोहम्मदनगर, पर्सा चमार टोल | |
| ७ | पकरिहा, बनरहवा ठुलो टोल, सानो बनरहवा, भैसहिया, कर्महवा, पासी टोल, अधियारी पासी टोल, अधियारी , शिवगढिया, औरहिया, शिवगढिया ठुलो टोल, शेखुवा डाड | |
| ८ | भगतपुरवा, एकला सानो, एकला ठुलो, पश्चिम भरवलिया, पुर्व भरवलिया, उत्तर भरवलिया | |
| ९ | सोनबर्षा, रमवापुर, लकडीगढ, विचौवापुर, मल्लाह डिह, चैनपुरवा, बेलभरिया, पिपरा, पिपरपतिया | |
| १० | महजिदिया, मधुवनी, पिपरपतिया, वजिरगंज (चौकडी), सानो टोल पिपरपतिया, बुधनीपुर, महिलवार, लुम्बिनी बजार, मुसेडी सेमरहना | |
| ११ | जितवापुर, महादेवा, क्याम्प पछाडी सानो महादेवा, महादेवा चोक, | |

| | | |
|---|---|---|
| | ठुलो मोगलहवा, सानो मोगलहवा, मोगलहवा चोक, पण्डीतपुर, धुवाँधार, गद्धीडीहवा, विचौवापुर, नौकडीहवा, कुकुरभुकवा, गन वरीया, चिरपुखा, सानो चिरपुखा, बेलहडी, धुपही, घनश्यामपुर, सेमरा, मनिकापुर, लोहरडी, मसिना, विचौवापुर चोक | |
| १२ | आमा, आमी, सोनवल, भभइ, दक्षिण टोल, भभइ बिच टोल, भभइ उत्तर टोल, अमवा, आज्मा, निपनिया, बनजरही, बभनी, बरगदवा | |
| १३ | कालीदह, पैसिया, सुक्रौली, मुडिला, ठुलो बडवलिया, सानो बडवलिया, भरपुरवा | |

### २.२ लुम्बिनी सांस्कृतिक नगरपालिकामा भारतसंग सिमा जोडिएको क्षेत्रहरु

| वार्ड नं. | गाउँहरुको नाम | कैफियत |
|---|---|---|
| १२ | अजमा | लिलेडिहवा |
| १३ | ओठवलिया | ककरहवा |

**नोट :** लुम्बिनी सांस्कृतिक नगरपालिकाको जम्मा वार्ड संख्या १३ मध्ये २ वटा वार्डहरु (१२ र १३) मा २ वटा गाउँहरुम खुल्ला भारतसंग सिमाना जोडिएको छ। जसमध्ये दुई स्थान अजमा र ओठवलिया विशेष स्थानिय स्तरको आवत जावतको लागी मात्र दुवै तर्फका रहेको छ भने अन्य स्थानहरुबाट पनि मानिसहरु आवत जावत गर्ने गरेको छन। तसर्थ लुम्बिनी सांस्कृतिक नगरपालिका भोलिको दिनमा लागु औषधको क्षेत्रमा विशेष केन्द्र (लागु औषध हब) को अवस्थामा आउँन सक्ने देखिएको छ।

## २.३ लुम्बिनी सांस्कृतिक नगरपालिकामा प्रयोगकर्ता वर्गीकरण क्रमसंख्या

| | | | |
|---|---|---|---|
| १) मद्यपान (रक्सी) | २) चुरोट/सुर्ती/गुटखा | ३) गाजा/भाङ/धतुरो | ४) लागु औषध |

| वार्ड नं. | १ | २ | ३ | ४ | भारत सिमा |
|---|---|---|---|---|---|
| १ | चुरोट/सुर्ती/गुटखा | मद्यपान (रक्सी) | गाजा/भाङ /धतुरो | लागु औषध | |
| २ | चुरोट/सुर्ती/गुटखा | मद्यपान (रक्सी) | गाजा/भाङ /धतुरो | लागु औषध | |
| ३ | चुरोट/सुर्ती/गुटखा | मद्यपान (रक्सी) | गाजा/भाङ /धतुरो | लागु औषध | |
| ४ | चुरोट/सुर्ती/गुटखा | मद्यपान (रक्सी) | गाजा/भाङ /धतुरो | लागु औषध | |
| ५ | चुरोट/सुर्ती/गुटखा | मद्यपान (रक्सी) | गाजा/भाङ /धतुरो | लागु औषध | |
| ६ | चुरोट/सुर्ती/गुटखा | मद्यपान (रक्सी) | गाजा/भाङ /धतुरो | लागु औषध | |
| ७ | चुरोट/सुर्ती/गुटखा | मद्यपान (रक्सी) | गाजा/भाङ /धतुरो | लागु औषध | |
| ८ | चुरोट/सुर्ती/गुटखा | मद्यपान (रक्सी) | गाजा/भाङ /धतुरो | लागु औषध | |
| ९ | चुरोट/सुर्ती/गुटखा | मद्यपान (रक्सी) | गाजा/भाङ /धतुरो | लागु औषध | |
| १० | चुरोट/सुर्ती/गुटखा | मद्यपान (रक्सी) | गाजा/भाङ /धतुरो | लागु औषध | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | चुरोट/सुर्ती/गुटखा | मद्यपान (रक्सी) | गाजा/भाङ /धतुरो | लागु औषध | |
| १२ | चुरोट/सुर्ती/गुटखा | मद्यपान (रक्सी) | गाजा/भाङ /धतुरो | लागु औषध | *अजमा* |
| १३ | चुरोट/सुर्ती/गुटखा | मद्यपान (रक्सी) | गाजा/भाङ /धतुरो | लागु औषध | *ओठवलि या* |

# लुम्बिनी सांस्कृतिक नगरपालिका २०८१

# परिच्छेद - ३

## लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१

# परिच्छेद ३ : चुनौति, सोच, लक्ष्य, उद्येश्य

## ३. लागु औषध दुर्व्यशन नियन्त्रण चुनौती, सोच, लक्ष्य, उद्येश्य

### ३.१ चुनौति

- लागु औषध ओसार–पसार नियन्त्रण गर्नु
- उत्पादनशिल उमेर समुहका युवा वर्गहरुम बढदो लागु औषधको प्रयोग, दुर्व्यशन तथा विक्रि वितरण नियन्त्रण गर्नु
- लागु औषध कारण उत्पन्न विभिन्न अपराधिका घटना एवं हिंसा नियन्त्रण गर्नु
- लागु औषध ओसार–पसारमा बालबालिकाहरुको प्रयोग, साथै विद्याल र कलेज पढ्ने उमेरका बालबालिकाहरुलाई कुलतमा पर्न र ओसार–पोसार गर्नबाट रोक्नु
- लागु औषध नियन्त्रणका क्षेत्रमा कार्य गर्ने निकायहरु विच आवश्यक समन्वय, सहकार्य एवं सहजीकरण गर्ने गराउने

### ३.२ सोच

- लागु औषध ओसार–पोसार एवं दुर्व्यशन मुक्त नगरपालिका निर्माण गर्ने
- लागु औषध नियन्त्रण सम्बन्धी कार्यक्रमको प्रभावकारीताबाट दुर्व्यशनी मुक्त बनाउने

### ३.३ लक्ष्य

- आर्थिक, सामाजिक, सांस्कृतिक पक्षमा बहुआयामिक कार्यक्रम सञ्चालन गरी लागु औषध दुर्व्यशन मुक्त समाजको सिर्जना गर्ने लक्ष्य रहेको छ।

### ३.४ उद्येश्यहरु

- लागु औषधको गैरकानुनी रुपमा खेती, उत्पादन, ओसार-पसार र बेचविखन, प्रयोगमा नियन्त्रण गरी यससँग सम्बन्धित अपराधमा कमी ल्याउने।
- लागु औषधको जोखिम परेका समूहहरुमा लागु औषधको प्रयोग लाई न्यूनीकरण गरी नियन्त्रण गर्ने।
- पुनःस्थापना केन्द्र अर्थात सेवामा लागु औषध प्रयोगकर्ताहरुको सहज तथा सरल पहुँच बढाउने।
- लागु औषध प्रयोगकर्ताको परिवार र समुदायमा एच.आइ.भी., हेपाटाइटिस, बी/सी, तथा यौनजन्य रोग जस्ता आदी संक्रमणको जोखिम न्यूनीकरण गर्ने।
- लागु औषधको प्रयोगमा रोकथाम तथा नियन्त्रणसँग प्रत्यक्ष एवं परोक्ष रुपमा सरोकार राख्ने विभिन्न नीतिहरु वीच तादात्म्यता कायम गरी विभिन्न निकायहरु वीच सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने।
- लागु औषध प्रयोगकर्ताको संख्या, स्वरुप तथा असर वारे आवधिक तथा आधारभूत सर्भेक्षण गर्ने।

- उपलब्ध न्युनतम साधन श्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधन श्रोतको खोजी गरी सरकार र सरोकारवाला निकाय तथा संघसंस्था सँग समन्वय गरी लागु औषध दुर्व्यशन प्रभावित क्षेत्रहरुको पहिचान गरी कार्य गर्ने गराउने ।

### ३.५ लागु औषध दुर्व्यसन नियन्त्रण रणनितिक योजनाको आवश्यकता तथा महत्व

लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१, लुम्बिनी सांस्कृतिक नगरपालिका भारतसंग २ स्थानमा खुल्ला सिमा रहेको छ । यस स्थानमा यस स्थानको मात्र नभई विभिन्न ठाउँहरुबाट लागु औषधको प्रयोग र ओसार–पोसारको लागि आएको घटनाहरु घटदै आईराखेको छ जसकारणबाट यहाँका समुदायहरु पनि लागु औषधको विभिन्न असहज परिस्थिती साथै जोखिममा रहेका छन तसर्थ यस पालिकाले लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ निर्माण गरी यसाको कार्यान्वयनको पक्षतिर जानु आवश्यकता एवं महत्व रहेको छ ।

# लुम्बिनी सांस्कृतिक नगरपालिका २०८१

## परिच्छेद - ४

## लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१

# परिच्छेद ४ : योजना निर्माण प्रक्रिया एवं विधि

## ४. लागु औषध दुर्व्यसन नियन्त्रण रणनितिक योजना निर्माण प्रक्रिया एवं विधि

### ४.१ योजना निर्माण प्रक्रिया विधि

“ **लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१** ” को मस्यौदा अनुसार यो योजना तर्जुमा गर्दा नगरपालिका र वडाका समुदायको प्रत्यक्ष, अप्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चित हुने गरी समावेशी, सहभागितामुलक र यथार्थपरक बनाउन निम्न अनुसारको प्रक्रियाहरु अवलम्वन गरिएका छन् ।

### ४.२ योजना निर्माणमा नगरपालिकाको छनौट

लुम्बिनी सांस्कृतिक नगरपालिका संग सम्झौता भई लुम्बिनी सांस्कृतिक नगरपालिकाको लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना निर्माण गर्ने भनि अघि बढिएको छ ।

### ४.३ योजना निर्माण अभिमुखीकरण एवं वस्तुस्थिती विवरण संकलन

लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ तयारी क्रममा प्रत्यक्ष, अप्रत्यक्ष, प्रविधिको प्रयोग गरी छलफल गरिएको थियो भने सूचना संकलन विधि तथा प्रक्रियाका बारेमा छलफल तथा अभ्यास गरिएको थियो । लुम्बिनी सांस्कृतिक नगरपालिका प्रत्यक्ष, अप्रत्यक्ष सहभागी भएका सहभागीहरुबाट प्राप्त सूचनाको संकलन गरिएको थियो । जसमा विशेष गरेर सामाजिक र सूचना सन्चार, सिमाक्षेत्रहरु लगायत लागु औषधको क्षेत्रमा परेका जोखिम विवरण आदि संकलन गरिएको थियो । उक्त सूचनालाई नगरपालिकामा छलफल तथा पुनरावलोकन समेत गरी नगरपालिकास्तरीय सूचना संकलन गरिएको थियो ।

### ४.४ योजना खाका लेखन कार्य

प्रत्यक्ष एवं परोक्ष सहभागी लगायतहरुबाट आएको ‘सूचना तथा योजना निर्माणका क्रममा वडा स्तर र नगरपालिकाबाट आएका सुचनाहरुलाई समेट्दै समाजशास्त्री, स्वास्थ्य परामर्श, संस्थाका प्राविधिक जनशक्ति, व्यवस्थापन जनशक्ति र नगरपालिका संग समन्वय गरी लेख्ने कार्य सम्पन्न भएको थियो ।

### ४.५ नगरपालिका स्तरीय योजना बैठक

योजना निर्माण गर्नको लागि बैठक संचालन गरिएको थियो । सहभागीतामूलक रुपमा विभिन्न लागु औषध दुर्व्यशनका असरहरु कम गर्न र जोखिमको अवस्था सिर्जना हुन नदिन लागु औषध दुर्व्यशन नियन्त्रण क्षेत्रमा के के कार्य गर्ने भन्ने सन्दर्भमा विस्तृत छलफल तथा समुह कार्य गरिएको थियो । सहभागिहरुबाट तथा नगरपालिकाबाट आएको सूचनाको आधारमा लुम्बिनी सांस्कृतिक नगरपालिकाको नगरपालिकास्तरीय लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ तयार गरिएको थियो ।

### ४.६ योजनाको प्रस्तुति एवं सुझावल संकलन तर्जुमा प्रक्रिया

लागु औषध दुर्व्यशन नियन्त्रण योजनालाई लुम्बिनी सांस्कृतिक नगरपालिकामा मस्यौदाको रुपमा प्रस्तुती गरी योजनामा थप्नुपर्ने बुँदाहरु र आवश्यक सल्लाह सुझाव समेटिएको थियो ।

चरण १ : समन्वय र प्रारम्भिक तयारी

चरण २ : वस्तुगत स्थिती विवरण

चरण ३ : लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ निर्माण

चरण ४ : योजनाको स्वीकृति तथा कार्यान्वयन

चरण ५ : अनुगमन, मुल्याङकन र पुनरावलोकन

### ४.७ लागु औषध दुर्व्यसन नियन्त्रण योजनाको कार्यान्वयन

- नगरपालिकाबाट स्वीकृत लागु औषध दुव्यर्शन नियन्त्रण योजना व्यवस्थापन समिति मार्फत कार्यान्वयन गराउन प्राथमिकता दिनेछन् ।
- नगरपालिका स्तरीय लागु औषध दुर्व्यशन नियन्त्रण योजना समितिले स्वीकृत योजना विषयगत कार्यालय, समुदाय, सङ्घसंस्था तथा निजी क्षेत्र एवं समुदायमा समेतको सहयोग लिई कार्यान्वयन गर्नेछ ।

# लुम्बिनी सांस्कृतिक नगरपालिका २०८१

# परिच्छेद - ५

## लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१

# परिच्छेद ५ : संस्थागत व्यवस्था

## ५.१ लागु औषध दुर्व्यशन नियन्त्रण योजनाको संस्थागत व्यस्था

नेपाल सरकार गृहमन्त्रालयद्वारा तयार पारिएको 'लागू औषध नियन्त्रण र रोकथामसम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन-२०७६' अनुसार सबै स्थानीय तहले आआफ्ना नीति, योजना, कार्यक्रममा लागू औषध रोकथाम र नियन्त्रणका कार्यक्रमहरू समावेश गर्नुपर्नेछ भनि उल्लेख गरिएको छ। सरकारले नगर वा नगरपालिकाका प्रमुख/अध्यक्षतामा लागू औषध दुर्व्यसन नियन्त्रण तथा रोकथामविरुद्द स्थानीय समिति गठन गर्ने निर्णय गरेको छ। उक्त समितिले समुदाय स्तरमै लागू औषधविरुद्ध जनचेतना अभिवृद्धिदेखि अन्य नियन्त्रणात्मक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने गृहको मार्गदर्शनमा उल्लेख गरिएको छ।

समितिको सदस्यमा नगर वा नगरपालिकाका उपप्रमुख वा उपाध्यक्ष, नगर/नगरपालिकाका स्वास्थ्य संयोजक, स्थानीय तहको शिक्षा शाखाका प्रमुख, सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यपक, लागू औषध नियन्त्रणका क्षेत्रमा काम गर्ने गैससका प्रतिनिधि, आमा समूह, युवा क्लबदेखि स्थानीय सञ्चारकर्मीसमेत रहने व्यवस्था गरिएको छ।
समितिले स्थानीय प्रहरीको संलग्नतामा गाँजा फँडानी अभियान सञ्चालन गरेर सबै स्थानीय तहलाई गाँजा खेतिरहित स्थानीय तह बनाउनेदेखि विद्यालय र कलेजतहमा सचेतना अभियान सञ्चालन गर्नेसम्मको दायित्व तोकिएको छ।

## ५.२ लागु औषध दुर्व्यशन नियन्त्रण योजनाको स्थानियमा संस्थागत व्यस्था (समिति)

| क्र.सं. | जिम्मेवार विवरण | पद | कैफियत |
|---|---|---|---|
| १ | अध्यक्ष र प्रमुख | अध्यक्ष | |
| २ | उपाध्यक्ष र उप प्रमुख | सदस्य | |
| ३ | स्वास्थ्य संयोजक | सदस्य | |
| ४ | शिक्षा शाखा प्रमुख | सदस्य | |
| ५ | विद्यालय | सदस्य | सामुदायिक तथा संस्थागत |
| ६ | गै.स.स. प्रतिनिधि | सदस्य | लागु औषध क्षेत्रमा काम गर्ने |
| ७ | संघ, संस्था | सदस्य | लागु औषध क्षेत्रमा काम गर्ने |
| ८ | सञ्चारकर्मी | सदस्य | |
| ९ | स्थानिय क्लब, आमा समुह आदि मध्येबाट | सदस्य | लागु औषध क्षेत्रमा काम गर्ने |

नोटः नगरपालिकाले लागु औषध दुर्व्यशन नियन्त्रणको क्षेत्रमा प्रभावकारी हेतु माथी उल्लेखित समितिहरुमा निर्णयद्धारा थप गर्न सकिनेछ।

**५.३ लागु औषध नियन्त्रणको प्रमुख केन्द्रियस्तरमा संस्थागत व्यस्था**

लागु औषध नियन्त्रणको प्रमुख केन्द्रीय निकायको रुपमा गृह मन्त्रालय रहेको छ। नेपाल सरकार कार्यविभाजन नियमावली द्ण्ठद्ध का अनुसार लागु औषध नियन्त्रण सम्बन्धी कार्य गृह मन्त्रालयको कार्य हो। लागु औषध नियन्त्रणका सम्बन्धमा गृह मन्त्रालय मातहत देहाय अनुसारको संस्थागत व्यवस्था रहेको छः

मा.गृहमन्त्रीज्यूको अध्यक्षतामा रहेको उच्च स्तरीय लागु औषध नियन्त्रण राष्ट्रिय निर्देशन तथा समन्वय समिति
गृह सचिवज्यूको संयोजकत्वमा लागु औषध नियन्त्रण कार्यकारी समिति
गृह मन्त्रालयले तोकेको सहसचिवले मूख्य लागु औषध नियन्त्रण अधिकारीको रुपमा कार्य गर्ने
लागु औषध नियन्त्रण शाखा
लागु औषध नियन्त्रण व्यूरो
नेपाल प्रहरीका स्थानीय स्तरमा रहेका कार्यालयहरू
सशस्त्र प्रहरी वल नेपाल तथा स्थानीय कार्यालयहरू
जिल्ला प्रशासन कार्यालयहरू
**अन्यः**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र

**५.४ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन**

**५.४.१** नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लागु औषध दुर्व्यशन नियन्त्रण योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

**५.४.२** नगरपालिका स्तरमा गठित अनुगमन समितीले लागु औषध सम्बन्धी कार्यक्रमको प्रभावकारिता समेत मूल्याङ्कन गरी आवश्यकता अनुसार नगरपालिकामा सिफारिस गर्नेछ।

**५.४.३** लागु औषध दुर्व्यशन नियन्त्रण योजना कार्यान्वयन गर्ने संस्थाहरुले आफ्नो अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकायमा पेश गर्नेछ।

**५.४.४** नगरपालिकाको कुनै पनि क्षेत्रमा लागु औषधले पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनरावलोकन गरी वार्षिक कार्यक्रम तथा योजना तयार गर्नेछ।

**५.४.५** लागु औषध दुर्व्यशन नियन्त्रण योजना अनुरुप संस्थागत व्यवस्थापनको समितिले यस कार्यलाई प्रभावकारीता तर्फ कार्यान्वयन गर्दै लैजानु पर्नेछ।

**५.४.६** लागु औषध दुर्व्यशन नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन प्रत्येक ३ वर्षमा योजनाको बृहत् पुनरावलोकन गरी अध्यावधिक गर्नेछ।

# लुम्बिनी सांस्कृतिक नगरपालिका २०८१

# परिच्छेद - ६ (सिद्धान्त)

## लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१

# परिच्छेद ६ : लागु औषध दुर्व्यशन सिद्धान्त

## ६.१ लागु औषध नियन्त्रणका लागि रहेका कानूनी व्यवस्थाहरु देहाय वमोजिम रहेको छ

- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३
- लागु औषध नियन्त्रण रणनीति, २०६६
- लागु औषध नियन्त्रण कार्ययोजना, २०७५
- लागु औषध प्रयोगकर्ताहरूको लागि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७५
- लागु औषधको नियन्त्रण र रोकथामसम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानिय तहलाई मार्गदर्शन, २०७६
- लागु औषधको मौखिक प्रतिस्थापन उपचार पद्धति कार्यसञ्चालन निर्देशिका, २०७०
- साझेदारीमा लागु औषध प्रयोगकर्ताहरूको उपचार तथा पुनस्थापना केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७५

## ६.२ लागु औषध विषयक समाग्रीहरु

### ६.२.१ लागु पदार्थ भनेको के हो ?

मानिसमा लत सिर्जना गरी दुर्व्यसनी तुल्याउने वस्तु वा पदार्थ लागु पदार्थ वा औषध हो । सामान्यतया शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत तुल्याउने पदार्थलाई लागु पदार्थ भनिन्छ ।यस्ता पदार्थले मानिसको केन्द्रिय स्नायू प्रणालीमा प्रभाव पार्नुका साथै उसको भावना र सोचाईमा परिवर्तन ल्याउँदछ ।

कानूनद्वारा निषेधित गाँजा अफिम हिरोइन मर्फिन कोकिन आदि अवैध लागु औषध हो भने सूर्तिजन्य पदार्थ र मदिरा कानूनद्वारा नियन्त्रित लागु पदार्थ हो ।
विश्व स्वास्थ्य संगठनले लागु पदार्थलाई स्वस्थ शरिरको लागि प्रयोग गर्न आवश्यक नभएको पदार्थ भनि परिभाषित गरेको छ ।

लागु औषध नियन्त्रण ऐन 2033 को दफा 3 मा लागु औषधलाई
गाँजा
औषधोपयोगी गाँजा
अफिम
तैयारीको अफिम

औषधोपयोगि अफिम
कोकाको झार र पात र अफिम तथा कोकका‌को सारतत्व मिश्रण वा लवण समेत मिलाई तयार गरिने कुनै पदार्थ ।
नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकर्तिक वा कृत्रिम लागु औषध तथा मनोदिपक पदार्थ (साइकोट्रपिक्स सब्स्टान्स) र तिनको लवणहरू तथा अन्य पदार्थ समेत सम्झनु पर्दछ भनि परिभाषित गरिएको छ ।

### ६.२.२ लागु औषध कति प्रकारका हुन्छन ?
मुख्य गरेर लागु पदार्थहरूलाई दुई भागमा बिभाजन गरिएको छ ।

प्राकृतिक लागु पदार्थः- प्राकृतिक रुपमा उम्रने वा मानिसद्धारा उत्पादित पदार्थहरू जस्तै- गाजा, चरेस, भाङ्ग, धतुरो, अफिम, रक्सी, आदिलाई प्राकृतिक लागु पदार्थ भनिन्छ ।
औषधि जन्य लागु पदार्थः- मानव जीवन रक्षाको लागि निर्मित औषधिजन्य पदार्थहरू जसलाई चिकित्सकको सल्लाह विपरित नशा लिनको लागि प्रयोग गर्दछन् त्यसलाई औषधिजन्य लागु पदार्थ भनिन्छ । जस्तैः- नाइट्रोसन, नाइट्रोभ्याट, प्रोक्सीभोन,, नोर्फिन, कोडिन, कोरेक्स, फेन्सीडिल, फेनकोडिन नो-कफ आदि ।

### ६.२.३ लागु औषध प्रयोगका कारणहरु के–के हुन ?
नेपाल लागु औषध प्रयोगकर्ता सर्वेक्षण 2076 का अनुसार लागु औषध दुर्व्र्यसनका कारणहरू देहाय अनुसारका रहेको पाइयो ः

साथीसँगीको दबाब
मनोरञ्जनका लागि
उत्सुकता
खुसी हुन
मानसिक तनाव
पारिवारीक समस्या
डिप्रेसन
पढाईमा समस्या

### ६.२.४ लागु औषध प्रयोगकर्तामा कस्ता कस्ता–लक्षणहरु देखिन्छन् ?
लागु औषध प्रयोगकर्ताहरूमा देहाय अनुसारका कुनै वा सबै लक्षणहरू देखिन सक्दछन ।

एकान्तमा बस्न रुचाउने ।
असमान्य व्यवहार देखाउने ।
दुव्लाउदै जाने ।
पढ्न मन नगर्ने ।
अपराध कर्ममा लाग्ने ।
धन सम्पतिको बरबादी तिर लाग्ने ।

समाजमा बिभिन्न प्रकारका अपराधहरू घट्दै जाने ।
सामाजिक मुल्य र मान्यताहरू भतकिदै जाने ।

### ६.२.५ लागु औषधका असरहरु के–के हुन्छन् ?

लागु पदार्थको सेवनबाट हुने असरहरूलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ।

शारीरिक असरः- एच.आई.भि./एड्स, हेपाटाईटिस तथा यौनजन्य रोगहरू संक्रमण हुने, तौल घट्ने, शरीर दुब्लाउने, खानामा रूचि नहुने, ओभरडोज भएर मृत्यु समेत हुने ।
मानसिक असरः- एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन, सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने, नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।
पारिवारिक तथा सामाजिक असरः- पारिवारिक असमझदारी बढ्ने, घरको सामानहरू चोरी हुने, दैनिक झगडा गर्ने, सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढने, अनैतिक कार्यमा संलग्न हुने ईत्यादि ।

### ६.२.६ लागु औषधका असरहरु के–के हुन्छन् ?

नेपाल लागु औषध प्रयोगकर्ता सर्वेक्षण 2076 का अनुसार नेपालमा 1,30,424 जना लागु औषध प्रयोगकर्ता रहेको देखिन्छ। यस अघि 2069 मा गरिएको सर्वेक्षणमा 91,534 जना प्रयोगकर्ता थिए। 2076 को सर्वेक्षण प्रतिवेदन अनुसार लागु औषध प्रयोगकर्ताको वार्षिक वृद्धिदर 5.06 प्रतिशत रहेको छ।

### ६.२.७ लागु औषधको प्रदेशगत अवस्था कस्तो रहेको छ ?

नेपाल लागु औषध प्रयोगकर्ता सर्वेक्षण 2076 का अनुसार लागु औषध प्रयोगकर्ताको प्रदेशगत अवस्था देहाय बमोजिम रहेको छः

| प्रदेश | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रदेश 1 | 27013 | 592 | 27605 |
| प्रदेश 2 | 15614 | 220 | 15843 |
| बागमति प्रदेश | 40855 | 5625 | 46480 |
| गण्डकी प्रदेश | 7968 | 988 | 8956 |
| लुम्बिनि प्रदेश | 24912 | 1018 | 25930 |
| कर्णाली प्रदेश | 1768 | 43 | 1811 |
| सुदुर पश्चिम प्रदेश | 3562 | 246 | 3808 |
| जम्मा | 121692 | 8732 | 130425 |

### ६.२.८ नेपालमा लागु औषध प्रयोगकर्ता सर्भेक्षण कस्तो छ ?

नेपाल लागु औषध प्रयोगकर्ता सर्वेक्षण 2076 का अनुसार लागु औषध प्रयोगकर्ताको उमेरगत अवस्था देहाय बमोजिम छ ।

| लिङ्ग | लागु औषध प्रयोगकर्ताको उमेर समुह (वर्ष) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | 15बर्ष भन्दा कम | 15-19 | 20-24 | 25-29 | 30-34 | 35-39 | 40-44 | 45-49 | 50 भन्दा माथि |
| पुरुष | 0.2 | 6.9 | 33.4 | 35.5 | 12.9 | 6.8 | 2.8 | 1.1 | 0.5 |
| महिला | 0.0 | 12.1 | 51.5 | 29.3 | 6.1 | 1.0 | 0.0 | 0.0 | 0.0 |
| जम्मा | 0.2 | 7.2 | 34.3 | 35.2 | 12.6 | 6.5 | 2.7 | 1.0 | 0.5 |

### ६.२.९ नेपालमा लागु औषध प्रयोगकर्ताको प्राप्ती श्रोतहरु कस्तो छ ?

नेपाल लागु औषध प्रयोगकर्ता सर्वेक्षण 2076 का अनुसार लागु औषध प्रयोगकर्ताले लागु औषध प्राप्तिका श्रोतहरू देहाय बमोजिम रहेका छन्

| प्राप्तिको श्रोत | प्रतिशत |
|---|---|
| साथीसंगी | 67.7 |
| डुलन्ते विक्रेता | 14.1 |
| औषधी पसल | 8.4 |
| अन्य पसल | 7.2 |

### ६.२.१० लागु औषध नियन्त्रणका लागि कानुनी व्यवस्थाहरु के–के हुन ?

लागु औषध नियन्त्रणका लागि रहेका कानूनी व्यवस्थाहरू देहाय वमोजिम रहेको छ

- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३
- लागु औषध नियन्त्रण रणनीति, २०६६
- लागु औषध नियन्त्रण कार्ययोजना,२०७५
- लागु औषध प्रयोगकर्ताहरूको लागि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका,२०७५

- ❖ लागु औषधको नियन्त्रण र रोकथामसम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानिय तहलाई मार्गदर्शन,२०७६
- ❖ लागु औषधको मौखिक प्रतिस्थापन उपचार पद्धति कार्यसञ्चालन निर्देशिका,२०७०
- ❖ साझेदारीमा लागु औषध प्रयोगकर्ताहरूको उपचार तथा पुनस्थापना केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि,२०७५

### ६.२.१० नेपालमा लागु औषधको शुरुवात कहिले दखि हुन आएको हो ?

वि.सं.२०३३ सालभन्दा अगाडी नेपालमा गाँजाजन्य पदार्थहरू खुल्लम खुल्ला विक्री वितरण हुने गर्दथे। जब लागु औषध नियन्त्रण ऐन,२०३३ कार्यान्वयनमा आयो त्यसपछि लागु औषधलाई कानूनतः प्रतिवन्ध लगाइयो। तथापी संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्ले सन् १९६१ मा SINGLE CONVENTION ON NARCOTIC DRUGS, 1961 लागु गरेपछी विश्वस्तरबाट नै यसको नियन्त्रण सुरुवात भएको हो ।

### ६.२.११ उपचार तथा पुर्नस्थापना केन्द्र कसरी स्थापना गर्न सकिन्छ ?

लागुऔषध प्रयोगकर्ताहरूको लागि उपचार, तथा पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७५ बमोजिम देहाय बमोजिमका केन्द्र स्थापना गर्न सकिने व्यवस्था छ ।

- ❖ नेपाल सरकारको लगानी र व्यवस्थापनमा सञ्चालन हुने केन्द्र,
- ❖ नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानी र व्यवस्थापनमा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले कुनै समुदाय वा गैरसरकारी संस्थासँग साझेदारी गरी सञ्चालन हुने केन्द्र,
- ❖ गैरनाफामुलक संस्थाको रुपमा दर्ता भएको संस्थाबाट सञ्चालन हुने केन्द्र,
- ❖ प्रचलित कानून अनुसार व्यवसायको रुपमा दर्ता गरी सञ्चालन हुने केन्द्र ।

### ६.२.१२ प्रचलित कानुन अनुसार व्यवसायिक रुपमा दर्ता गरी पुर्नस्थापना केन्द्र सन्चालन गर्न इच्छुक संघ, संस्था वा व्यवासायिक फर्मले सन्चालन गर्नु पुर्व गृह मन्त्रालयबाट आबद्धता लिन आवश्यक कागजपत्रहरु के–के हुन ?

- ❖ संस्था दर्ता प्रमाणपत्र तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- ❖ सम्बन्धित संस्था वा व्यवसायिक फर्मको विधानको प्रतिलिपि,
- ❖ केन्द्र स्थापना गर्ने स्थानको नक्सा,
- ❖ सम्बन्धित स्थानमा केन्द्र सञ्चालन गर्न उपयुक्त हुने भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले गरेको सिफारिस ।

# लुम्बिनी सांस्कृतिक नगरपालिका २०८१

## परिच्छेद - ७

## लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१

# परिच्छेद ७ : नियन्त्रण योजना

**७. लागु औषध दुर्व्यशन नियन्त्रण योजना अनुरुप मुख्य शिर्षक**

## ७.१ लागु औषधको खेती, उत्पादन, ओसार–पोसार र बेचविखनमा नियन्त्रण

अनुमानित बजेट : रु. ३०,००,०००।– (तिस लाख मात्र।)

| क्र.सं. | क्रियाकलाप एवं कार्यक्रम | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | लागु औषधको ओसार–पोसार तथा अवैध खेतीलाई निरुत्साहित गर्न चेतनामुलक जागरण कार्यक्रम सञ्चालन गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |
| २ | लागु औषधको अवैध खेती, उत्पादन, ओसार-पसार तथा सञ्चयको नियन्त्रण गर्न सम्बन्धित निकायहरुको पहलमा आवश्यक कानूनी उपायहरु अवलम्वन गन | समुदाय, वडा, नगरपालिका, अन्य | |
| ३ | सरकार, समुदाय एवं सरोकारवालाको संयुक्त प्रयासबाट प्राकृतिक रुपमा उम्रने लागु औषधहरु नष्ट गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |
| ४ | लागु औषधको अवैध खेती, उत्पादन, ओसार-पसार र वेचविखन जस्ता क्रियाकलापहरुको नियन्त्रण कार्य प्रभावकारी बनाउन विभिन्न समुहहरु गठन गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |
| ५ | लागु औषध नियन्त्रण कार्यलाई प्रभावकारी बनाउने राजनीतिक प्रतिबद्धता कायम गर्न पहल गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |

## ७.२ जोखिम समुहमा लागु औषध ओसार-पोसार, प्रयोग नियन्त्रण

अनुमानित बजेट : रु. ४०,००,०००।- (चालिस लाख मात्र।)

| क्र.सं. | क्रियाकलाप एवं कार्यक्रम | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | विद्यालय तथा कलेजस्तरका विद्यार्थीहरू, विभिन्न समुदायहरु जस्तै मजदूर, सडक बालबालिका, तथा जोखिम समूहमा रहेका युवा तथा अन्य त्यस्तै जोखिम समुदायको स्वेच्छिक स्वास्थ्य परीक्षण गरी लागु औषध प्रयोग गरेको छ छैन भन्ने कुराको पहिचान गर्ने । | समुदाय, वडा, नगरपालिका, अन्य | |
| २ | विद्यार्थीहरूको स्वभाव, बानी व्यवहोरा आदी सम्भावित कुराहरुको अनुगमन तथा परीक्षण गर्न विद्यालय तथा अभिभावकलाई अभिप्रेरित गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |
| ३ | समुदायका किशोरकिशोरीमा लागु औषधको जोखिम पहिचान गर्न समुदायमा आधारित संघ, संस्थाहरुलाई परिचालन गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |

## ७.३ विद्यालयमा लागु औषध सम्बन्धमा सचेतना र जागरणमुलक कार्यक्रम

अनुमानित बजेट : रु. ५०,००,०००।– (पचास लाख मात्र।)

| क्र.सं. | क्रियाकलाप एवं कार्यक्रम | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | विद्यार्थीहरुमा लागु औषध विरूद्ध सचेतना र जागरण ल्याउन विद्यालयका शिक्षकहरुलाई प्रशिक्षकको रुपमा तालिम प्रदान गर्ने | समुदाय, वडा, नगरपालिका, विद्यालय, अन्य | |
| २ | कक्षा ६ देखि माथिको विद्यालय पाठ्यक्रममा लागु औषध सम्वन्धी विषयलाई समावेश गर्ने | समुदाय, वडा, नगरपालिका, विद्यालय, अन्य | |
| ३ | खेलकूद तथा विभिन्न अतिरिक्त क्रियाकलापको सञ्चालनबाट विद्यार्थीमा क्षमता अभिवृद्धि गराउने | समुदाय, वडा, नगरपालिका, विद्यालय, अन्य | |
| ४ | विद्यालयमा लागु औषध विरुद्ध जनचेतनामुलका कार्यक्रम सञ्चालन गर्ने | समुदाय, वडा, नगरपालिका, विद्यालय, अन्य | |
| ५ | विद्यार्थीहरु बीच लागु औषध दुर्व्यसन विरुद्ध परामर्श कक्षाहरु सञ्चालन गर्ने | समुदाय, वडा, नगरपालिका, विद्यालय, अन्य | |
| ६ | अभिभावक सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने | समुदाय, वडा, नगरपालिका, विद्यालय, अन्य | |

## ७.४ समुदाय आधारित लागु औषध कार्यक्रम

अनुमानित बजेट : रु. ३५,००,०००।– (पैतिस लाख मात्र।)

| क्र.सं. | क्रियाकलाप एवं कार्यक्रम | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | महिला,अभिभावक, युवा, आमा समूह, चेलीबेटी समूह, वाल क्लव, युवा क्लव, दवाव समूह लगायत अन्य समाजिक संघ संस्थाहरुलाई परिचालन गरी लागु औषध विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |
| २ | लागु औषध प्रयोगकर्ताप्रति समुदाय तथा कानून कार्यान्वयन गर्ने निकायको दृष्टिकोणमा परिवर्तन ल्याउन आवश्यक अभिमुखीकरण/प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |
| ३ | विद्यालय बाहिर रहेका बाल बालिकाहरुको लागि लागु औषध दुर्व्यसन विरुद्धका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |

## ७.५ लागु औषधको जोखिममा परेका महिला समुहका लागि लक्षित कार्यक्रम

अनुमानित बजेट : रु. २५,००,०००।– (पच्चीस लाख मात्र।)

| क्र.सं. | क्रियाकलाप एवं कार्यक्रम | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न संघ, संस्था, समूहसँगको समन्वय र सहयोगमा महिला लक्षित चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |
| २ | महिलाविरुद्ध हिंसा र विभेदको अन्त्यका लागि सहकार्यात्मक रुपमा विभिन्न कार्यक्रम सञ्चालन गन | समुदाय, वडा, नगरपालिका, अन्य | |

## ७.६ सडक बालबालिका लक्षित कार्यक्रम

अनुमानित बजेट : रु. १५,००,०००।– (पन्ध्र लाख मात्र।)

| क्र.सं. | क्रियाकलाप एवं कार्यक्रम | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | सडक बालबालिकाहरूलाई विभिन्न सडक नाटक, पर्चा पम्पलेट, गीत संगीतको माध्यमबाट लागु औषध विरूद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |
| २ | गैरसरकारी संस्थासँगको सहकार्यमा सडक बालबालिकालाई समाजमा पुनर्स्थापना गर्न सघाउने क्रियाकलाप सञ्चालन गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |

## ७.७ उपचार तथा पुर्नस्थापना केन्द्रमा पहुँच बढाउने

अनुमानित बजेट : रु. १०,००,०००।– (दश लाख मात्र।)

| क्र.सं. | क्रियाकलाप एवं कार्यक्रम | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | गुणस्तरीय उपचारमा लागु औषध प्रयोगकर्ताहरूको पहुँच सहज र सरल तुल्याउने र जनसाधारणलाई सुसुचित गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |
| २ | पुनर्स्थापना केन्द्रको सञ्चालन सरकार वा गैरसरकारी संस्थाहरूसँगको समेत सहकार्यमा गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |
| ३ | तोकिएको मापदण्ड अनुसार प्रभावकारी रूपमा सञ्चालन भए नभएको यकिन गर्ने साथै मापदण्ड पुरा गरेका पुनःस्थापना केन्द्रहरूलाई विशेष रुपले प्रोत्साहित गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |

## ७.८ लागु औषध प्रयोगकर्ता र परिवारमा स्वास्थ्य कार्यक्रम

अनुमानित बजेट : रु. २०,००,०००।– (बिस लाख मात्र।)

| क्र.सं. | क्रियाकलाप एवं कार्यक्रम | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | लागु औषध प्रयोगकर्ता र निजको परिवार र समुदायमा एच.आइ.भि., हेपाटाइटिस, यौनजन्य रोग जस्ता संक्रमणको जोखिमलाई न्युनिकरण एवं नियन्त्रण गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |
| २ | मौखिक प्रतिस्थापन विधि नेपाल सरकारबाट स्वीकृत सक्षम सरकारी तथा निजी अस्पताल एवं गैर सरकारी संस्था मार्फत सञ्चालन गर्ने । यो कार्यक्रमलाई बढी प्रभावकारी गराउनका लागि आवश्यक मनो-सामाजिक सहयोग पद्धति (Psycho Social Support System) को समेत व्यवस्था गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |
| ३ | मौखिक प्रतिस्थापन उपचार पद्धतिको लागि आवश्यक तालिम प्राप्त जनशक्ति, न्यूनतम भौतिक तथा प्राविधिक सुविधाहरुको व्यवस्थापन गर्ने | समुदाय, वडा, नगरपालिका, अन्य | |

## ७.९ कार्यक्रमको सुदृढिकरण एवं क्षमता अभिबृद्धि गर्ने

अनुमानित बजेट : रु. १५,००,०००।– (पन्ध्र लाख मात्र।)

| क्र.सं. | क्रियाकलाप एवं कार्यक्रम | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | मौजुदा लागु औषध नियन्त्रण कार्यक्रमको बर्तमान संगठनात्मक संरचनाको आवश्यक अध्ययन र परामर्श गरी संगठनात्मक पुनःसंरचना गर्ने । | समुदाय, वडा, नगरपालिका, अन्य | |
| २ | लागु औषध नियन्त्रण क्षेत्रमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि स्वदेश तथा विदेशमा आवश्यक तालिमको व्यवस्था मिलाउने । | समुदाय, वडा, नगरपालिका, अन्य | |
| ३ | सरकारी तथा गैरसरकारी संस्थाद्वारा संचालित लागु औषध नियन्त्रण कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको मापदण्ड तयार गरी अनुगमन तथा मूल्याङ्कन गर्ने । | समुदाय, वडा, नगरपालिका, अन्य | |

## ७.१० समन्वय एवं सहकार्य

अनुमानित बजेट : रु. १०,००,०००।– (बिस लाख मात्र।)

| क्र.सं. | क्रियाकलाप एवं कार्यक्रम | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | जोखिम तथा क्षति न्यूनीकरण कार्यक्रमलाई विस्तार गरी लक्षित समूहको पहुँचलाई सुनिश्चित गर्न पूर्व लागु औषध प्रयोगकर्ता, लागु औषध प्रयोगकर्ता तथा सरोकारवालाहरूलाई कार्यक्रम तर्जुमा देखि नै सहभागी गराउने | समुदाय, वडा, नगरपालिका, अन्य | |

| | | | |
|---|---|---|---|
| २ | मानव श्रोत विकासका लागि सम्वन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा जोड दिने | समुदाय, वडा, नगरपालिका, अन्य | |
| ३ | लागु औषध दुर्व्यशन नियन्त्रणलाई प्रभावकारी बनाउनसरकारी तथा गैरसरकारी संस्थाहरूसँगको समन्वय एवं सहकार्यमा जोड दिने | समुदाय, वडा, नगरपालिका, अन्य | |

## ७.११: लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ (अनुमानित बजेट)

७.१ लागु औषधको खेती, उत्पादन, ओसार–पोसार र बेचविखनमा नियन्त्रण :- रु. ३० लाख
७.२ जोखिम समुहमा लागु औषध ओसार–पोसार, प्रयोग नियन्त्रण :- रु. ४० लाख
७.३ विद्यालयमा लागु औषध सम्बन्धमा सचेतना र जागरणमुलक कार्यक्रम :- रु. ५० लाख
७.४ समुदाय आधारित लागु औषध कार्यक्रम :- रु. ३५ लाल
७.५ लागु औषधको जोखिममा परेका महिला समुहमा लक्षित कार्यक्रम :- रु. २५ लाख
७.६ सडक बालबालिका लक्षित कार्यक्रम :- रु. १५ लाख
७.७ उपचार तथा पुर्नस्थापना केन्द्रमा पहुँच बढाउने :- रु. १० लाख
७.८ लागु औषध प्रयोगकर्ता र परिवारमा स्वास्थ्य कार्यक्रम :- रु. २० लाख
७.९ कार्यक्रमको सुदृढिकरण एवं क्षमता अभिबृद्धि गर्ने :- रु. १५ लाख
७.१० समन्वय एवं सहकार्य :- रु. १० लाख

**जम्मा रकम रु. २५० लाख**

**(अक्षेरुपी रु . दुइ करोड पचास लाख मात्र ।)**

**लुम्बिनी सांस्कृतिक नगरपालिकाको आवश्यकता बमोजिम उपरोक्त बजेटमा थप घट गर्न सकिनेछ ।**

# लुम्बिनी सांस्कृतिक नगरपालिका २०८१

## परिच्छेद - ८

लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१

# परिच्छेद ८ : अनुसुची, सन्दर्भ सामाग्री

## ८.१ सन्देश एवं चेतनामुलक अनुसुचीहरु

### ८.१.१ लागु औषध दुर्व्यशन नियन्त्रण तयारीमा नमुना प्रश्नावली

अनुसुची २ : – लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ निर्माण क्रममा वस्तु स्थिती विवरण संकलनका लागि सोधिएका प्रश्नहरुको प्रश्नावाली नमुना यसै प्रतिवदेनका साथ संलग्न गरिएको छ।

### ८.१.२ लागु औषध दुर्व्यशन नियन्त्रण सम्बन्धमा तालिम सामाग्री

अनुसुची १ : – लागु औषध दुर्व्यशन नियन्त्रण सम्बन्धी तालिम सामाग्री यसै प्रतिवदेनका साथ संलग्न गरिएको छ।

### ८.१.३ लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ तयारी सन्दर्भ सामाग्री

- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३
- लागु औषध नियन्त्रण रणनीति, २०६६
- लागु औषधको नियन्त्रण र रोकथामसम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानिय तहलाई मार्गदर्शन, २०७६

# अनुसुची — १ क

**लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ निर्माण**
**लुम्बिनी सांस्कृतिक नगरपालिका**
**लुम्बिनी, रुपन्देही**

लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ निर्माणका लागि स्थलगत एवं वार्डगत रुपमा सोधपुछ प्रश्नावाली एवं उत्तरहरु :

लुम्बिनी सांस्कृतिक नगरपालिका वार्ड नं. ......... डाटा संकलक कर्ताको नाम :............

## (१) प्रयोगकर्ता एवं लागु औषध प्राप्ती श्रोत :–

| मुख्य प्रयोगकर्ता | अनुमानित प्रतिशत | प्राप्ती श्रोत | लागु औषध प्रकार | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## (२) भारतसंग सिमा जोडिएको क्षेत्र एवं गाउँहरु र त्यसको प्रभाव

| गाउँको नाम | वार्ड नं. | मुख्य समस्या | प्रभाव | योजना | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## (३) अन्य लागु औषध दुर्व्यशन नियन्त्रण आवश्यक योजनाहरु :

| क्र.सं. | योजना | क्रियाकलाप | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

तयार गर्ने                                                                                    सदर गर्ने

# ख

## परियोजना स्थान : लुम्बिनी सांस्कृतिक नगरपालिका

**कार्यक्रमको नाम** :- लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना निर्माण २०८१

**क्रियाकलापको नाम : वस्तुस्थिती विवरण संकलन एवं छलफल**

**स्थानको नाम** : ............................ **मिति** : ............................

### बर्गीकरण क्रमसंख्या

| १) मद्यपान (रक्सी) | २) चुरोट/सुर्ती/गुटखा | ३) गाजा/भाङ/धतुरो | ४) लागु औषध |
|---|---|---|---|

| क्र.सं. | गाउंको नाम | १ | २ | ३ | ४ | सिमा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसुची - १ ग

## परिच्छेद–३ दण्ड सजाय

"लागू औषधि (नियन्त्रण) ऐन, २०३३"

१४. दण्ड सजाय : (१): दफा ४ अन्तर्गत निषेध गरिएका कार्य गर्ने व्यक्तिलाई अपराधको मात्रा अनुसार देहाय बमोजिम सजाय हुनेछ :

(क) गाँजा सेवन गर्ने व्यक्तिलाई एक महीनासम्म कैद वा दुईहजार रुपैयाँसम्म जरिवाना ।

तर चिकित्सा केन्द्रमा एक महीनासम्म उपचार गराउने गरी जिम्मा लिने व्यक्ति वा संस्थाले कागज गरी दिएमा त्यस्तो व्यक्तिको सम्बन्धमा पन्ध्र, पन्ध्र दिनमा उक्त चिकित्सा केन्द्रबाट उपचार गराई रहेको प्रतिवेदन पेश गर्ने गरी मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई सजाय नगर्न सक्नेछ ।

(ख) पच्चीसवटा बोटसम्म गाँजाको खेती गर्ने व्यक्तिलाई तीन महीनासम्म कैद वा तीनहजार रुपैयाँसम्म जरिवाना ।

(ग) पच्चीसवटा बोट भन्दा बढी गाँजाको खेती गर्ने व्यक्तिलाई तीनवर्षसम्म कैद वा पाँचहजार रुपैयाँदेखि पच्चीसहजार रुपैयाँसम्म जरिवाना ।

(घ) गाँजा उत्पादन, तयार, खरिद, बिक्री वितरण, निकासी वा पैठारी, ओसार पसार तथा संचय गर्ने व्यक्तिलाई :

(ङ) अफिम, कोका वा सो बाट बनेको लागू औषधको सेवन गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना ।

तर चिकित्सा केन्द्रमा तीन महीनासम्म उपचार गराउने गरी जिम्मा लिने व्यक्ति वा संस्थाले कागज गरी दिएमा पन्ध्र, पन्ध्र दिनमा चिकित्सा केन्द्रबाट उपचार गराई राखेको जानकारी पेश गर्ने गरी मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई सजाय नगर्न सक्नेछ ।


(च) अफिम वा कोकाको खेती गर्ने व्यक्तिलाई :


(छ) अफिम, कोका वा सोबाट बनेको लागू औषधको सेवन र खेती गर्ने कार्य बोहक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई –

(ज) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी

तोकिदिएका प्राकृतिक वा कृत्रिम लागू औषध वा मनोद्वीपक पदार्थ (साइकोट्रपिक सब्स्ट्रान्स) र
तिनको लवण र अन्य पदार्थ समेतको दुव्र्यसन गर्ने व्यक्तिलाई दुई महीनासम्म कैद वा दुईहजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय ।
तर चिकित्सा केन्द्रमा तीन महीनासम्म उपचार गराउने गरी त्यस्तो दुव्र्यसनीलाई जिम्मा लिने कुनै व्यक्ति वा संस्थाले कागज गरी दिएमा त्यस्तो चिकित्सा केन्द्रबाट उपचार गराई राखेको जानकारी पन्ध्र, पन्ध्र दिनमा पेश गर्ने गरी मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई सजाय नगर्न सक्नेछ ।
(झ) माथि खण्ड (ज) मा लेखिएदेखि बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई दुई वर्षदेखि दश वर्षसम्म कैद र एकलाख रुपैयाँदेखि बीसलाख रुपैयाँसम्म जरिवाना ।

# अनुसुची २


१) अफिम
२) हेरोईन
३) मर्फिन
४) कोडिन
५) पेथिडिन


ख) मतिभ्रमात्मक लागु पदार्थ
१) क्यानाविस :– गाँजा, चरेस, भाङ
२) धतुरो
३) चटके च्याउ
४) लिसर्जिक एसिड डाइथेलामाइड


ग) उत्तेजक लागु पदार्थ
१) कोकिन
२) एम्फेटामिन


घ) डिप्रेसेन्ट / मनोवादक लागु पदार्थ
Barbiturates,
Diazepam, Nitrazepam



health
alcohol abuse
drink
alcoholism
help









(Non Distilled Alcohol)
(Distilled Alcohol)









– मुख, गला र पेटमा पोलेको अनुभव हुने
– वाकवाक लाग्ने वान्ता हुने
– रिङ्गटा लाग्ने



DRUGS




















LOST
CONFUSED
UNCLEAR
PERPLEXED
DISORIENTED
BEWILDERED



















RUN Away
From
DRUGS!
YOU

# अनुसुची – १

**लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ निर्माण**
**लुम्बिनी सांस्कृतिक नगरपालिकाको कार्यालय**
**लुम्बिनि प्रदेश, नेपाल**

लागु औषध दुर्व्यशन नियन्त्रण राणनितिक योजना २०८१ निर्माणका लागि स्थलगत एवं वार्डगत रुपमा सोधपुछ प्रश्नावाली एवं उत्तरहरु :

लुम्बिी सांस्कृतिक नगरपालिका वार्ड नं. ......... डाटा संकलक कर्ताको नाम :................

## (१) प्रयोगकर्ता एवं लागु औषध प्राप्ती श्रोत :–

| मुख्य प्रयोगकर्ता | अनुमानित प्रतिशत | प्राप्ती श्रोत | लागु औषध प्रकार | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## (२) भारतसंग सिमा जोडिएको क्षेत्र एवं गाउँहरु र त्यसको प्रभाव

| गाउँको नाम | वार्ड नं. | मुख्य समस्या | प्रभाव | योजना | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## (३) अन्य लागु औषध दुर्व्यशन नियन्त्रण आवश्यक योजनाहरु :

| क्र.सं. | योजना | क्रियाकलाप | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

तयार गर्ने                                                        सदर गर्ने

## अनुसुची – २

### परियोजना स्थान : लुम्बिनी सांस्कृतिक नगरपालिका, लुम्बिनी, रूपन्देही

**कार्यक्रमको नाम** : - लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना निर्माण २०८१

**क्रियाकलापको नाम** : **वस्तुस्थिती विवरण संकलन एवं छलफल**

**स्थानको नाम** : ................................ **मिति** : .....................

**बर्गीकरण क्रमसंख्या**

| | | | |
|---|---|---|---|
| १) मद्यपान (रक्सी) | २) चुरोट/सुर्ती/गुटखा | ३) गाजा/भाङ/धतुरो | ४) लागु औषध |

| क्र.सं. | गाउंको नाम | १ | २ | ३ | ४ | सिमा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसुची - ३

## लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ निर्माण क्रमका फोटोहरु





## लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ निर्माण क्रमका फोटोहरु






## लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ निर्माण क्रमका फोटोहरु





## लागु औषध योजना २०८१ निर्माण क्रमका फोटोहरु





## लागु औषध दुर्व्यशन नियन्त्रण रणनितिक योजना २०८१ निर्माण क्रमका फोटोहरु



